# प्रेस विज्ञप्ति- २६२

# Press Release-262

लागू औषध नियन्त्रण ब्यूरो
**NarcoticsControlBureau**
कोटेश्वर, काठमाडौ।
मिति: २०७६।०५।०५ गते।

## लागू औषध कोकिन सहित विदेशी नागरिक पक्राउ

लागू औषध नियन्त्रण ब्यूरोबाट खटिएको प्रहरी टोलीद्वारा बिगत लामो समय देखिको सूचना संकलन, बिश्लेषण एवं निगरानी पश्चात् मिति २०७६।०५।०४ गते दिउँसो १६:५८ बजेको समयमा कतार एयरवेजको उडानद्वारा दोहाबाट काठमाण्डौ आउदै गरेका आईभेरिकोष्टका नागरीक राहदानी नं. 18 AT95514 बाहक बर्ष ३५ को MARCEL GUEHI लाई जिल्ला काठमाण्डौ का.म.न.पा. वार्ड नं.९, स्थित त्रिभुवन अन्तराष्ट्रिय बिनमानस्थलको भन्सार कार्यालयको अगाडी फेला पारी निजले साथमा ल्याएको निलो रङको सुटकेश खानतलासी गर्दा उक्त सुटकेश भित्र फल्सबटम बनाई तल माथि प्लाईउड राखि भित्र कागजको पाता बनाई राखेको अबस्थामा नेपाल हुँदै विभिन्न मुलुकहरुमा ओसारपसार गर्न लागिएको **१ के.जी. ६०० ग्राम लागू औषध कोकिन** सहित आईभेरिकोष्टका नागरीक राहदानी नं. 18 AT95514 बाहक बर्ष ३५ को MARCEL GUEHI लाई पक्राउ गरिएको।

निज आईभेरिकोष्टका नागरिक MARCEL GUEHI नाईजेरियाको लागोस हुँदै कतारको दोहा र दोहा हुँदै काठमाण्डु आएको साथै निज काठमाण्डुबाट बस द्वारा भारतको नयाँ दिल्ली जाने कुरा प्रारम्भिक अनुसन्धानबाट खुल्न आएको हुँदा पक्राउ परेका उक्त बिदेशी नागरीक अन्तराष्ट्रिय लागू औषध कारोबारमा संलग्न रहेको र निज उपर थप अनुसन्धान कार्य भई रहेको।

## लागू औषध ब्राउन सुगर सहित १ जना मानिस पक्राउ

साथै आज मिति २०७६।०५।०५ गते बिहान ९:३० बजेको समयमा लागू औषध नियन्त्रण ब्यूरो कोटेश्वरबाट दिईएको सूचनाको आधारमा बिर्तामोड न.पा. -५ ईलाम स्टेन्डमा बा १६ च १६९३ नं. को रातो कारलाई चेकजाँच गर्ने क्रममा जिल्ला झापा बिर्तामोड- ५ अतिथि सदन बस्ने बर्ष ३६ को राम कडरिया क्षेत्रीलाई अबैध लागू औषध खैरो हिरोईन ५२ ग्राम र उक्त रातो कार सहित १ जना मानिस पक्राउ गरिएको र निज उपर थप नुसन्धान कार्य भईरहेको।

•••




कोकिन १ के.जी ६०० ग्राम













लागू औषध कोकिन सहित पक्राउ परेका विदेशी नागरिक र सम्बन्धित फोटोहरु


लागू औषध नियन्त्रण ब्यूरो
GOVERNMENT OF NEPAL
MINISTRY OF HOME AFFAIRS



# <u>लागू औषध ब्राउन सुगर सहित पक्राउ परेका  नागरिक र सम्बन्धित अन्य  फोटोहरु</u>








५२ ग्राम ब्राउन सुगर

फोन नं. ४६०१०४८ /फ्याक्स नं. ४६०१९७८, ईमेल : **ncbnepal@gmail.com**